मर्स्याङ्दी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भुलभुले, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७३

visit nepal 2020 Lifetime Experiences

पत्र संख्या: २०७६/७७
चलानी नं.:

मिति : २०७६/०६/२८

## सेवा करार सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति :- २०७६/०६/२८

मर्स्याङदी गाँउपालिकाको लागि पशु सेवा शाखामा रहने गरी तपशिल बमोजिमको पदमा देहायको संख्या र योग्यता भएको प्राविधिक कर्मचारी करारमा राख्नु पर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र राजस्व तिरेको रसिद सहित दरखास्त दिन हुन सम्वन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| क्र.सं. | बिज्ञापन नं. | पद | संख्या | योग्यता |
|---|---|---|---|---|
| १ | ६ - २०७६/०७७ | पशु स्वास्थ्य प्राविधिक अधिकृत सातौं तह | १ (एक) | पशु विज्ञान मुख्य विषय लिई बी.एस्सी.एजी. उत्तीर्ण वा वि.टेक. (डेरी टेक्नोलोजी) वा वि.भि.एस्सी. एण्ड ए.एच. वा वि.भि.एस्सी/डि.भि.एम. वा वि.टेक.एड. (लाईभष्टक एक्सटेन्सन) वा सो सरह उत्तीर्ण |

१. **शर्त/मापदण्ड :-** नेपाली नागरिक हुनुपर्ने । प्रचलित कानुनद्धारा अयोग्य नभएको हुनुपर्ने ।

२. **परिक्षाको किसिम :** लिखित तथा अन्तर्वार्ता ।

३. **आवेदन दिने मिति र स्थान :-** सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन सम्म कार्यालय समयमा । अन्तिम दिन सार्वजनिक बिदाको दिन परेमा त्यसको भोलिपल्ट गाउँकार्यपालिकाको कार्यालय, भुलभुले, लमजुङ ।

४. **सम्पर्क मितिः** म्याद समाप्त भएको भोलिपल्ट ।

५. **काम गर्नु पर्ने स्थान र कार्य विवरणः-** गाउँपालिका भित्र वा गाउँपालिकाले खटाएको जुनसुकै क्षेत्रमा गाउँपालिकासँग भएको करार सम्झौता बमोजिम हुने ।

६. **सेवा सुविधा :-** नेपाल सरकारले तोके बमोजिम वा करार सर्तमा उल्लेख गरिए बमोजिम हुने ।

७. **उमेर :-** दरखास्त दिने अन्तिम मितिसम्म न्यूनतम उमेर २१ वर्ष पूरा भई ३५ वर्ष ननाघेको (महिला र अपाङ्गको हकमा ४० वर्ष ननाघेको) ।

८. **करार अवधिः-** करार सम्झौतामा उल्लेख गरिने ।

९. **दरखास्त फारम साथ पेश गर्नु पर्ने अन्य आवश्यक कागजातहरु :-** नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी, उमेदवारको व्यक्तिगत विवरण, न्यूनतम शैक्षिक योग्यतको प्रमाणित प्रतिलिपी, कार्यअनुभव भए कार्यअनुभवको प्रमाणपत्र, प्राविधिक कार्यका लागि आवश्यक पर्ने व्यवसायिक प्रमाणपत्र (लाईसेन्स) तथा प्रचलित कानुन बमोजिम अन्य कागजातहरु ।

१०. **दरखास्त दस्तुर बापतको रकम :** यस गाउँपलिकाको कार्यालयमा बुझाई सो को सक्कल रसिद साथै अनलाइन आवेदन दिनुहुने उमेदवारहरुले यस गाउँपालिकाको सिभिल बैंकमा रहेको सञ्चित कोषको खाता नं. 05810129971096 मा दर्ता शुल्क जम्मा गरी भौचर संलग्न गरी दरखास्त फारम साथ पेश गर्नु पर्नेछ ।

११. **दरखास्त फारम तथा सूचना** यस गाउँपालिका कार्यालयको वेभसाइट https://www.marsyangdimun.gov.np/ बाट समेत प्राप्त गर्न र हेर्न सकिनेछ र थप जानकारीका लागि फोन नं. ०६६६२००२३ मा सम्पर्क गर्न सकिनेछ । अनलाइन आवेदन फारम http://bit.ly/2jYG18W मा समेत उपलब्ध छ ।

१२. छनौट भएको उम्मेदवारहरुसँग ७ दिनभित्र सेवा करार सम्झौता गरी कार्य प्रारम्भ गर्नुपर्नेछ । यदि सो मिति भित्र सम्झौता गर्न नआएमा योग्यता क्रममा रहेका बैकल्पिक उम्मेदवारहरुसँग सम्झौता गर्न सकिन्छ ।

१३. अन्य कुरा प्रचलित कानुन बमोजिम हुनेछ ।

१४. कर्मचारी छनौट सम्वन्धी सम्पूर्ण अधिकार गाउँपालिकासँग निहित हुनेछ ।

- **आवेदन शुल्क :-** रु.१०००।

प्रवेश पौडेल
नि. प्रमुख प्रशासकीय अधिकृत